# कुशे गाउँपालिकाको
# शिक्षक सरुवा तथा प्रधानाध्याक नियुक्ति सम्बन्धि कार्यविधि,२०८१

## कुशे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## थर्पु,भार्मा जाजरकोट

कार्यपालिका बैठकबाट पारित मितिः२०८१।१२।०४

प्रमाणित मितिः२०८१।१२।१०

# कुशे गाँउपालिकाको
# शिक्षक सरुवा तथा प्रधानाध्यापक नियुक्ति सम्बन्धि कार्यविधि,२०८१

प्रस्तावनाः

नेपालको संविधान २०७२ को अनुसुची-८ अन्तर्गत स्थानीय तहको एकल अधिकार सुचीको बुदा नं. ८ मा आधारभुत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहको रहेको तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ उपदफा (२) को (ज) ले गाउँपालिकालाई दिएको अधिकार तथा कार्य जिम्मेवारी प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको अन्तर विद्यालय काज सरुवा,पदास्थापना,दरवन्दी मिलान काज तथा कामकाज सरुवालाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा २ र गाँउ शिक्षा ऐन, २०७५ को दफा २८ अधीनमा रहि कुशे गाँउपालिका क्षेत्र भित्र सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको सरुवालाई व्यवस्थित गर्न यो कार्यविधि बनाई लागु गरिएको छ ।

## परिच्छेद -१
## संक्षिप्त नाम प्रारम्भ र प्रयोग

क) यो कार्यविधि नाम कुशे गाउँपालिकाको शिक्षक सरुवा तथा प्रधानाध्यापक नियुक्ति सम्वन्धि कार्यविधि, २०८१ रहेको छ ।

ख) यो कार्यविधि कुशे गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयका स्थायी दरबन्दी, अस्थायी दरबन्दी र राहत अनुदानकोटा र माध्यमिक तह साविकको कक्षा (११-१२) को अनुदान कोठामा कार्यरत शिक्षकको सरुवा गर्न गर्ने प्रयोजनमा लागु हुनेछ ।

ग) यो कार्यविधि कार्यापालिकाले अनुमोदन गरेको मिति देखि लागु हुनेछ ।

## परिच्छेद - २

## परिभाषाः

क) "ऐन" भन्नाले गाँउ शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

ख) "अध्यक्ष" भन्नाले गाँउ पालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) "गाँउ शिक्षा समिति" भन्नाले गाँउ शिक्षा ऐन, २०७५ को दफा १५ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद -३

## सरुवाको आधार तथा कार्यविधिः

गाँउ पालिका क्षेत्रभित्रका स्थायी दरबन्दी, अस्थायी दरबन्दी, राहत, अनुदान कोटा माध्यमिक तह साविकको कक्षा (११-१२) को अनुदानकोठा र कार्यरत शिक्षक सरुवा गर्दा देहायको आधार तथा कार्यविधि अवलम्वन गरी सरुवा गरिनेछ ।

### ३.१ सरुवाको आधार

क) प्राथामिक तहमा शिक्षक सरुवा गर्दा तह मिल्ने गरी तथा निम्न माध्यामिक र माध्यमिक तहमा सरुवा गर्दा अध्यापन गर्ने विषय मिल्ने गरी सरुवा गर्नु पर्नेछ ।

ख) स्थायी दरबन्दीमा कार्यरत शिक्षकको सरुवा गर्दा सोही तह र विषयको स्थायी दरबन्दी भएको विद्यालयमा मात्र सरुवा गर्नु पर्नेछ ।

ग) अस्थायी दरबन्दीमा कार्यरत शिक्षकको सरुवा गर्दा तह र विषय मिल्ने गरी अस्थायी दरबन्दी रहेको स्थानमा मात्र सरुवा गर्नु पर्नेछ ।

घ) राहत अनुदान कोटामा कार्यरत शिक्षकको सरुवा गर्दा तह र विषय मिल्ने गरी राहत अनुदान कोटामा मात्र सरुवा गर्नु पर्नेछ ।

ङ) दरबन्दी मिलान गर्ने क्रममा कुनै विद्यालयमा आवश्यकता भन्दा बढी शिक्षक भएमा गाँउ शिक्षा समितिको बैठकले निर्णय गरे वमोजिम शिक्षक सरुवा गरी दरबन्दी मिलान गरिनेछ ।

च) कुनै शिक्षकको नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक

बातावरण खलवलिएको वा खलवलिन सक्ने व्यहोरा देखियमा तथा वडा शिक्षा समिति बाट निर्णय सहित सिफारिस भई आएमा ।

छ) तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पुरा नगरेको भनि सम्वन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्वन्धित वडा समितिको बैठकको निर्णय अनुसार सरुवा गर्न सक्नेछ ।

ज) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञ सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग तथा आदान प्रदान गर्न आवश्यक देखिएमा शिक्षक सरुवा गर्न सकिनेछ ।

झ) स्थायी नियुक्ति भई परीक्षण कालमा रहेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधी बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

ञ) कनै पनी शिक्षकको अध्यापन गर्ने विद्यालय घरपाएक देखि टाढा भएमा वा निजको घरपाएक रहेको विद्यालयमा दरबन्दी रिक्त रहेमा वा कार्यरत शिक्षकका श्रीमान र श्रीमतिले घरपायक नजिकको विद्यालयमा सरुवा गरिदिने भनी निवेदन पेश गरेमा रिक्त दरबन्दिमा शिक्षा समितिको निर्णय बाट सरुवा गर्न सकिने छ।

ट) महिला तथा अपाङ्गगता शिक्षकलाई साधारण तया अपायक पर्ने स्थानमा सरुवा गरिने छैन।

**३.२ सरुवाको कार्यविधिः**

क) ऐनको दफा २८ अनुसार एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुन चाहने शिक्षकले सरुवा हुन पर्नको कारण खुलाई गाँउ शिक्षा समिति अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

ख) गाँउ शिक्षा समिति अध्यक्ष समक्ष प्राप्त भएको सरुवा निबेदन शिक्षा शाखामा आवश्यकत कार्यार्थ पठाइनेछ ।

ग) ऐनको दफा ३८ को उप दफा २ अनुसार एक विद्यालयबाट अर्को विद्यालयमा शिक्षक सरुवा गर्दा वडा शिक्षा समितिको सहमति सहित निवेदन प्राप्त हुन आएमा गाँउ शिक्षा समितिले आवश्यक ठानेमा शिक्षक सरुवा गरी आश्यक निर्णार्थ साथ उक्त सरुवा निर्णयलाई अनुमोदन गर्न गाउँकार्यपालिकाको बैठकमा पेश गर्नु पर्ने छ।

घ) सरुवा गर्ने वा नगर्ने अन्तिम अधिकार गाँउकार्यपालिकमा निहित रहनेछ ।

ङ) शिक्षा ऐन, २०७५ को दफा २८ अनुसार गाँउ शिक्षा समितिकोले कुनै शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा निजको सहमति विना पनि सरुवा गर्नु पर्ने भएमा गाँउ कार्यपालिकाको बैठकबाट अनुमोदन गराउने गरी गाँउ शिक्षा समितिको बैठको निर्णयानुसार सरुवा गर्नु पर्नेछ ।

च) गाउँपालिका भित्र सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये बाट काम काज तथा विशेषज्ञाता सम्बन्धि कार्य गर्न आवश्यक ठानेमा गाउँ शिक्षा समितिको निर्णय बाट गाउँपालिकाले काज ल्याउन सक्नेछ।

## परिच्छेद -४

## प्रधानाध्यापक सम्वन्धि व्यवस्थाः

१. विद्यालयको प्राज्ञिक तथा प्रशासकिय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

२.गाँउपालिकाले सामुदायिक विद्यालयमा रिक्त प्रधानाध्यापक पदमा नियुक्तिका लागी प्राथामिक तहको प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह, निम्न माध्यमिक तहको प्रध्यानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातक तह वा सो सरह र माध्यमिक तहको प्रध्यानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरी सम्वन्धित विद्यालयको सम्वन्धित तहमा कार्यरत स्थायी शिक्षकहरु मध्येबाट गाँउ शिक्षा समितिले प्रधानाध्यापक पदमा नियुक्ति गर्न सक्नेछ

।तर विद्यालय व्यवस्थापन समिति र सम्वन्धित वडा समितिको निर्णय सहितको सिफारिस प्राप्त नभएता पनि कुनै शिक्षकलाई गाँउ शिक्षा समितिले प्रधानाध्यापक पदमा नियुक्ति गर्न बाधा पर्ने छैन। साथै कुनै विद्यालयको प्रधानाध्यापक हुनका लागी उप नियम २ बमोजिम योग्यता पुरा भएका स्थायी शिक्षक नभएमा वा भएमा शिक्षकले दरखास्त दिन नआएमा अस्थायी/राहत शिक्षकलाई समेत गाँउ शिक्षा समितिले प्रधानाध्यापक पदमा नियुक्ति गर्न सक्नेछ ।

३.गाउँपालिका भित्रका सामुदायिक विद्यालयको शैक्षिक क्षेत्र तथा प्रशासनिक क्षेत्रको गुणस्तर सुधारको लागि गाउँशिक्षा समितिले आवश्यक ठानेमा सम्बन्धित तहअनुसारको प्र.अ.व्यव्थापन गर्न गाउँपालिकाभित्र कार्यरत शिक्षकहरुलाई काजमा खटाई व्यवस्थापन गर्न सक्नेछ।

४.गाँउ शिक्षा समितिले तोके वमोजिमका सर्त बन्देजको परिधि भित्र रही शैक्षिक गुणस्तर सुधार गर्नका लागी प्रधानाध्यापक हरुलाई करार सम्झौता गरी काममा लगाउन सकिने छ।

५.प्रधानाध्यापकले आफुले गरेको करार सम्झौता बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको भनि व्यवस्थापन समिति र सम्बन्धित वडा समिति बाट सिफारिस भई आएमा निजलाई जुन सुकै समयमा गाउँ शिक्षा समितिले पदबाट हटाउन सक्नेछ।

६.उप नियम ४ मा जुन सुकै कुरा लेखिएको भए तापनी सो उप नियम वमोजिम प्रधानाध्यापक पदवाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन।

७.सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकलाई संघीय सरकारले तोकेको प्रधानाध्यापक भत्ताको अतिरिक्त गाउँ कार्यपालिकाको बैठकले तोके वमोजिम थप प्रोत्साहन भत्ता दिन सक्नेछ।

८.सामुदायिक विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपुर्ती नभए सम्मको लागि सो विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये बरिष्ठतम शिक्षकले निमित्त भई कामकाज गर्नु पर्नेछ। आवश्यकताको महसुस अनुसार अन्य शिक्षकलाई पनि निमित्त दिन सक्नेछ।

## परिच्छेद-४
## संसोधन, बचाउ र खारेजी

यो कार्यविधि संसोधन वा खारेज गर्न आवश्यक देखेमा गाउँ कार्यपालिका बैठकले संसोधन वा खारेज गर्न सक्नेछ। यो कार्यविधिमा लेखिएका कार्यहरु संघीय कानुन, प्रदेश कानुन सँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ।